# आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७४

प्रस्तावना

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७० बमोजिम यस कुम्मायक गाउपालिकाको स्थानीय संचित कोष बाट केहि रकम विनियोजन गरि आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानिय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि यस गाउ कार्यपालिकाले गाउपालिकाको अधिकार क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर, स्पाइनल एन्जुरी, प्यारालाइसिस, आधात वा पिडित भएका विरामीलाई राहत सहयोग प्रदान गर्न एक आकस्मिक कोष वाञ्छनिय भएकोले स्थापना गरिएको छ ।

**परिच्छेद १**

**संक्षिप्त नाम र प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधिको नाम "आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४" रहेको छ ।

१.२ यो कार्यविधि गाउकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यविधि भन्नाले "आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४" भन्ने बुझ्नुपर्छ ।

ख. कोष कभन्नाले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

ग. कार्यपालिका भन्नाले गाउकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

घ. आकस्मिक कार्य भन्नाले मानविय जिवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, स्पाइनल इन्जुरी, प्यारालाइसिस जस्ता दीर्घरोगबाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आकस्मिक कार्यलाई बुझ्नुपर्छ ।

**३. कोष स्थापना**

३.१ आकस्मिक कोष संचालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

## ४. आकस्मिक कोषमा जम्मा गरिएको रकम

४.१ गाउपालिकाको संचित कोषबाट पहिलो पटक रु १०,०००००। दश लाख रुपैया झिकि त्यस्तो रकम आकस्मिक कोषमा जम्मा गरिएको छ ।

## परिच्छेद २

## कोषको अवधारण, लक्ष्य, उद्देश्य र नीति

## ५. अवधारणा

कुम्मायक गाउपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृर्जित विपदबाट प्रभावित व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशित घटनामा पनि अंग भंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पु-याउनु नै कोषको अवधारणा हुनेछ ।

## ६. लक्ष्य

प्राकृतिक तथा मानव सृर्जित विपदको प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अंग भंग भएकाहरुलाई तत्काल राहत सहयोग पु-याउन र अप्रत्याशीत स्थितिमा गरिने कार्यहरु गरि मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

## ७. उद्देश्य

७.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

७.२ आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

## ८. नीति

८.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापना तर्फ उन्मुख गराउने,

८.२ गाउपालिकाको कार्यक्षेत्र भित्र भइ परि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

८.३ स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परि अंग भंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

८.४, एक व्यक्तिलाइ १ पटक भन्दा बढी यस्तो सुविधा उपलब्ध गराइने छैन् ।

८.५, कम्तिमा ३ महिनामा १ पटक अनिर्वाय बैठक बस्ने, रोग र अवस्था हेरि १५०००। पन्द्र हजार सम्म उपलब्ध गराउन सकिने छ ।

८.६, बिशेषज्ञ रिपोर्टका आधारमा मात्र उपलब्ध गराइने छ ।

८.७, सम्बन्धित वडाको सिफारिस अनिवार्य हुनेछ ।

## परिच्छेद ३

## कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

### ९. कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तीको लागी कुम्मायक गाउपालिका गाउकार्यपालिका स्वयम् व्यवस्थापन गर्नेछ ।

९.२ विशेष परिस्थितिमा कार्यपालिकाको निर्णय अनुसार कोषबाट रकम खर्च गरिनेछ ।

९.३ बुदा नं. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोषबाट रकम खर्च गर्न सकिने छैन ।

९.४, कोष संचालन र व्यवस्थापन गर्न देहाय बमोजिमको समिति रहने छ ।

| | |
|---|---|
| अध्यक्ष :- | संयोजक |
| उपाध्यक्ष :- | सदस्य |
| सामाजिक समिति संयोजक :- | सदस्य |
| प्रमुख प्रशाशकिय अधिकृत वा निजले तोकेको व्यक्ति :- | सदस्य सचिव |

## परिच्छेद ४

## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

### १०. कोषको वित्तिय व्यवस्थापन

१०.१ कोषमा देहायका रकमहरु रहने छन् :

क) गाउसभाबाट आकस्मिक कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) दातृ निकाय, गैर सरकारी संस्था, संघिय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरु बाट कोषलाई प्राप्त हुने रकम ,

**११. कोषको आर्थिक व्यवस्था**

कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

**१२. प्रशासनिक व्यवस्था**

कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउ कार्यपालिकाको कर्मचारीबाट नै संचालन गरिनेछ ।

## परिच्छेद ५

## विविध

**१३. आकस्मिक कोषको रकम बृद्धि गर्न सक्ने**

गाउपालिकाले गाउसभाबाट स्वीकृत गराइ आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

**१४. जाँच पास तथा फरफारक**

कोषबाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. कार्यविधिको संशोधन**

यस कार्यविधिलाई गाउकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

**१६. बचाउ र खारेजी**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हकमा स्वत खारेज भएको मानिनेछ ।

ख) कुनै कारणबाट कोष संचालन हुन नसकेमा गाउकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व गाउकार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ ।

समाप्त